JOIN IELTS CLASSES
MORNING | DAY | EVENING
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २४ गते सोमबार ❑ 8 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## प्रतिपक्ष र दाहाल-नेपाल समूहद्वारा सदनमा अवरोध

**रासस**
**काठमाडौं, २३ फागुन**

सरकारले विभिन्न मितिमा जारी गरेका अध्यादेश सदनमा पेश गर्ने कि नगर्ने भन्ने विषय विवादमा भएपछि प्रतिनिधिसभाको पहिलो बैठक अवरुद्ध भएको छ।

सभामुख अग्निप्रसाद सापकोटाले सदनको आइतबारको बैठकको कार्यसूचीमा रहेको अध्यादेश प्रस्तुत गर्ने विषय अघि बढाउनासाथ दाहाल-नेपाल समूहले उठेर विरोध जनाएपछि सभामुखले नेता भीम रावललाई बोल्न समय प्रदान गरे । नेता रावलले सदन प्रारम्भ भएको पहिलो बैठकमा सांसद र पूर्वसांसदले गणतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा पुऱ्याएको योगदानको सम्मान गर्दै सदनले शोक प्रस्ताव पारित गरी बैठक अन्त्य गर्नुपर्नेमा अध्यादेशलगायत अन्य कार्यसूची राखिएको प्रति असहमति जनाउँदै फिर्ता नलिए सदन बहिष्कार गर्ने घोषणा गर्दै उक्त समूहका नेताहरू बैठकबाट बाहिरिए।

नेता रावल बैठकमा बोलिरहँदा नेकपाकै अर्का सांसद खगराज अधिकारीले नियमापत्ति प्रकट गर्दै सदन चलेको पहिलो दिन नै अध्यादेश पेश गर्ने परम्परालाई ध्यान दिन सभामुखको ध्यानाकर्षण गराए । दाहाल-नेपाल समूहका सांसद बाहिरिएसँगै प्रमुख प्रतिपक्ष दलका सचेतक पुष्पा भुसालले सर्वोच्च अदालतको संसद् पुनःस्थापना गर्ने निर्णयको आफ्नो पार्टीले स्वागत गरेको जानकारी दिँदै संसद्भित्र देखिएका समस्या र चुनौतीलाई यहीबाट टुङ्ग्याउनुपर्नेमा जोड दिइन। उनले भनिन्, "पहिलो दिनमै बैठक छोडेर जानुपर्ने अवस्था कसरी आयो, संवैधानिक परिषद् भनेको सरकार हो, सरकारले प्रस्तुत गरेको अध्यादेश स्वीकार गर्न सकिन्न।" प्रमुख सचेतक बालकृष्ण खाँडले अध्यादेशलाई स्वीकार गर्न नसकिने भएकाले अविलम्ब फिर्ता गर्न माग गरे। प्रमुख सचेतक खाँडले भने, "अध्यादेश स्वीकार गर्नै सकिन्न। यो सदनमा प्रवेश गर्न सक्दैन, अविलम्व फिर्ता लिइयोस्, यदी यो फिर्ता लिइएन भने सदन अघि बढाउन सहयोग हुँदैन।"

सचेतक खाँडले उक्त भनाइ राखेपछि प्रतिपक्षका सांसदले नाराबाजी गर्दै रोष्टम घेराउ गरे। प्रतिपक्षले नारावाजी र रोष्टम घेराउ गरिरहँदा सभामुख सापकोटाले प्रधानमन्त्रीका तर्फबाट कानून न्याय तथा संसदीय मामिलामन्त्री लिलानाथ श्रेष्ठलाई संवैधानिक परिषद् (काम, कर्तव्य र अधिकारसम्बन्धी पहिलो संशोधन अध्यादेश), २०७७ बैठक समक्ष पेश गर्न अनुमति दिए।

त्यसको लगत्तै प्रमुख प्रतिपक्ष दलले सदन बहिष्कार गर्दै बाहिर निस्केपछि सभामुख सापकोटाले प्रतिनिधिसभाको १० मिनेटका लागि स्थगन गरिएको बैठक सूचना टाँसेर यही फागुन २६ गते दिनको १ बजे बस्ने गरी स्थगन भएको छ।

## लामाचौर स्वास्थ्य चौकीको रजत जयन्ती तथा नवनिर्मित भवनको उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङले शिक्षा र स्वास्थ्य जस्तो जनतासँग प्रत्यक्ष जोडिएका विषय निजी क्षेत्रलाई संचालन गर्न दिन नहुने बताएका छन्।

पोखरा महानगरपालिका वडा नं.-१९ घार्मीमा रहेको लामाचौर स्वास्थ्य चौकीको रजत जयन्ती तथा नवनिर्मित भवनको उद्घाटन पछि आयोजित सभालाई सम्वोधन गदै उनले विपतका वेला सरकारी अस्पतालले खेलेको भुमिका प्रशंसनिय रहेको वताउदै, निजि स्वास्थ्य संस्थाले प्रभावकारी भुमिका खेल्न नसकेको भन्दै गुनासो गरे । 'कोभिड महामारीका वेला निजी अस्पतालको भुमिका देखिएन' मुख्यमन्त्री गुरुङले भने- 'राज्यलाई आवस्यक परेको वेला सेवा नदिने अस्पताल के काम।"

उनले तीन तहको सरकार विच समन्वय भएमात्र प्रभावकारी भुमिका खेल्न सकिने वताउँदै स्वास्थ्य सेवामा सरकारले ठुलो लगानी गर्नुपर्नेमा जोड दिए । स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी वनाउन नसकिएकोमा चिन्ता व्यक्त गर्दै मुख्यमन्त्री गुरुङले प्रदेशभित्र गरिवीको रेखामुनी रहेका जनताको प्रदेश सरकारले नै स्वास्थ्य विमा गरिदिने समेत बताए । फरक प्रसङ्गमा नेकपा ओली समुहका नेता समेत रहेका मुख्यमन्त्री गुरुङले वर्तमान सरकारले जनताका पक्षमा राम्रो काम गर्दा पनि पार्टीका नेताले साथ नदिएका कारण अहिलेको परिस्थिती आएको बताए । उहाँले जनतावाट तिरस्कृत भएकाहरुले पार्टी र सरकार चलाउन खोजेको र त्यो कार्य पुरा हुनै नसक्ने पनि स्पष्ट पारे । सासद जगत विश्वकर्माले परिवर्तन सगसगै जनताले विकास र समृद्विको अनुभव गर्न पाएको बताए । उनले स्वास्थ्य चौकीलाई अस्पतालको रुपमा स्तरोन्नती गर्न आफ्नो प्रयास जारी राख्ने वचन दिए। पोखरा १९का वडाध्यक्ष एवं स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष शोभामोहन पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सांसद पुष्पा केसी भण्डारी, समितिका उपाध्यक्ष कृष्णप्रसाद पौडेल, वैकुण्ठ पौडेल, सदस्य दुर्गा वस्नेत लगायतले स्वास्थ्य सेवा हरेक नागरिकको अधिकार भएको वताउदै, नयाँ भवन निर्माणसगै स्वास्थ्य सेवा सहज रुपमा प्रदान गर्न सकिने वताएका थिए।

कार्यक्रममा मुख्यमन्त्री गुरुङ, सासद जगत विश्वकर्मा, प्रदेश सांसद विन्दुकुमार थापा, पुष्पा केसी भण्डारीले चौकी निर्माणमा जग्गादान गर्ने जग्गादाताहरु स्व. भीमप्रसाद पौडेल र टंकनाथ पौडेलका प्रतिनिधी भोलानाथ पौडेल, स्व. दयासागर पौडेलका प्रतिनिधी सरला पौडेल, स्व. लिलानाथ पौडेलका छोरा नारायण पौडेल, जग्गादाता



हिरादेवी पौडेल, तुलसीदेवी पौडेल र सोमराज गरुङ सहित स्थापनाकाल देखि हालसम्मका स्वास्थ्य स्वयं सेवक, कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारी, स्वास्थ्य चौकी स्थापनामा महत्वपुर्ण भुमिका खेल्ने विभिन्न क्षेत्रका व्यक्तिलाई सम्मान गरेका थिए । साविक पुरुन्चौर गाविसका १८ जना महिला स्वास्थ्य स्वयंसेविकालाइ मुख्यमन्त्री गुरुङले व्लड प्रेसर जाच गर्ने सामाग्री पनि हस्तान्तरण गरे । यसअघि पहिलो पटक घार्मी पुग्नु भएका मुख्यमन्त्री गुरुङ, सहितका अतिथीलाई स्थानियले वाजागाजा सहित स्वागत गरेका थिए।

संघीय सरकार स्वास्थ्य मन्त्रालयको आर्थिक सहयोगमा राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणवाट निर्माण भएको १२ कोठे भवन करिव १ करोड ४३ लाख रुपैंयाको लागतमा निर्माण सम्पन्न भएको जनाईएको छ । भवन निर्माण भएसँगै सहज रुपमा स्वास्थ्य सेवा प्रदान गरिएको छ । उक्त चौकीवाट हाल वाल स्वास्थ्य, मातृ स्वास्थ्य, क्षयरोग तथा सरुवा रोग नियन्त्रण, नियमित खोप कार्यक्रम, गाउँघर क्लिनिक, विरामी उपचार लगायतका सेवा संचालन भएको स्वास्थ्य चौकीका प्रमुख श्यामसुन्दर आचार्यले जानकारी दिए । उक्त स्वास्थ्य चौकीको सेवा घार्मीमा स्थानिय युवा क्लवको भवनवाट शुरु गरिएको थियो भने पछि तत्कालिन जिल्ला विकास समितिको सहयोगमा सामान्य जस्तापाताको टहरो वनाई सेवालाई निरन्तरता दिईएको थियो । पोखरा महानगरभित्रै भएर पनि सामान्य स्वास्थ्य सेवा पनि नपाएका स्थानियवासी भवन निर्माण भई सहज रुपमा स्वास्थ्य सेवा पाएपछि हर्षित भएका छन्।

## कोभ्याक्सको खोप आयो नेपाल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

कोभ्याक्स सुविधामार्फत उपलब्ध हुने कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप नेपालमा ल्याइएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले तीन लाख ४८ हजार मात्रा खोप कोभ्याक्स सुविधामार्फत आइतबार नेपाल आइपुगेको जानकारी दिए।

कोभ्याक्सले नेपाललाई एक करोड ३० लाख मात्रा खोप उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । कोभ्याक्स सुविधाअन्तर्गत भारतको सिरम इस्न्टिच्युट अफ इण्डिया कम्पनीले उपत्पादन गरेको 'कोभिशिल्ड' खोप नै नेपाल आएको हो। उनले नेपालको लागि यो खोप प्राप्त गर्नु सुनौलो अवसर भएको भन्दै आगामी जेठ महिनामा अर्को चरणमा १९ लाख मात्रा खोप नेपालले प्राप्त गर्ने अपेक्षा गरिएको बताए।

## 'नेपाल कम्युनिष्ट पार्टी' कट्टेलका पक्षमा

**रासस**
**काठमाडौं, २३ फागुन**

सर्वोच्च अदालतले 'नेपाल कम्युनिष्ट पार्टी' नामक राजनीतिक दल ऋषि कट्टेलले नेतृत्व गरेकै दलको भएको फैसला गरेको छ।

न्यायाधीशद्वय बमकुमार श्रेष्ठ र कुमार रेग्मीको इजलासले आइतबार उक्त दल कट्टेलकै भएको फैसला सुनाएको हो।

रिट निवेदकको मागबमोजिम रिट जारी गर्ने अदालतको फैसला भए पनि फैसलाको पूर्ण पाठ भने आउन बाँकी रहेको सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले जानकारी दिए।

केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी(नेकपा)ले आफ्नो दलको नामसँग जुधाएको भनी नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषिराम कट्टेलले रिट निवेदन दायर गर्नुभएकामा सुनुवाइ यही फागुन १३ गते सम्पन्न भएको थियो। अध्यक्ष कट्टेलले निर्वाचन आयोगमा २०६९ मा नेकपाका नाममा आफूले दल दर्ता गरेको तर तत्कालीन नेकपा(एमाले) र नेकपा(माओवादी)बीच २०७५ साल जेठ ३ गते एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नाममा निर्वाचन आयोगमा दल दर्ता भएकोविरुद्ध निवेदन दायर गरेका थिए।

अध्यक्ष कट्टेलले आयोगमा त्यसविरुद्ध उजूरी दिए पनि ओली र दाहाल अध्यक्ष रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का पक्षमा निर्णय गरेको थियो । सो निर्णयविरुद्ध अध्यक्ष कट्टेलले २०७५ साल मङ्सिर २१ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए।

## गुप्तेश्वर महादेव गुफाको संयुक्त साधारण सभा उद्घाटन

**सुदीप शर्मा पौडेल**
**पोखरा, २३ फागुन**

पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनमा रहेको गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिको २४ र २५ औं वार्षिक साधारणसभाको शनिबार उद्घाटन गरिएको छ।




साधारण सभाको कार्यक्रमका प्रमुख अतिथि केदारेश्वर महादेवमणि मन्दिर वैदामका पिठाधिश डा. लेखनाथ आचार्यले उद्घाटन गर्दै गुप्तेश्वर महादेव गुफा धार्मिक पर्यटकीय स्थानको रुपमा विश्वमा प्रख्यात भएको र वार्षिक लाखौं आम्दानी शिक्षा र स्वास्थ्यमा लगानी भइ समाज परिवर्तनमा सकरात्मक भूमिका खेलेकोमा खुशी व्यक्त गर्नुभएको थियो । सो अवसरमा गण्डकी प्रदेश सभाका सदस्य सचिव हरिराज पोखरेल, जनप्रतिनिधि पोखरा १७ की वडा सदस्य शान्ता गुरुङ, गुफाका प्रमेख संरक्षक निरविक्रम पौडेल, पुर्व अध्यक्ष खगराज शर्मा आचार्य,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## चिनियाँ पर्यटक भित्र्याउन चिनियाँ भाषाको महत्व

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले चिनियाँ पर्यटक भित्र्याउन भाषाको भूमिका महत्वपूर्ण हुने बताएका छन्।




नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकीले आयोजना गरेको एकमहिने चिनियाँ भाषा तालीमको समापन समारोहमा मन्त्री गुरुङले भाषाको माध्यमबाट चिनियाँ पर्यटकलाई थोरै अनुपातमा भए पनि नेपाल भित्र्याउन सके पर्यटन क्षेत्रमा ठूलो लाभ लिन सकिने बताएका हुन्। अधिकांश चिनियाँ नेपाल घुम्न आउँदा भाषाको समस्या भेल्नु परेको यथार्थ सुनाउँदै भाषाकै कारण नेपालको रहनसहन सांस्कृतिक परम्पराको बारेमा चिनियाँ पर्यटकलाई बुझाउन समस्या भएको बताए । उनले कोभिड-१९ को कारण शिथिल बनेको पर्यटनलाई चलायमान बनाउन आउने पर्यटकका लागि गुणस्तरीय सेवामा जोड दिनुपर्ने उनको भनाइ थियो। मन्त्री गुरुङले भाषा जति बोल्यो त्यति सहज हुने र नबोले बिर्सन सकिने भएकाले सहभागीलाई तालीम उपलब्धिपूर्ण बनाउन अभ्यासमा ध्यान दिएर भाषामा पोख्त हुन आग्रह गरे । उनले पर्यटन प्रवर्द्धन र विकासका लागि व्यवसायीसँग छलफल गरेर आगामी योजना तय गरिने बताए।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारीले चीनमा नेपाललाई स्रोत बजारको रुपमा चिनाउन सके यस क्षेत्रबाट लाभ लिन सकिने धारणा राखे । उनले चिनियाँ भाषा सरल भएकाले एक महिनाको तालीम पर्याप्त नभए पनि आधारभूत ज्ञानमार्फत चिनियाँ पर्यटकलाई सेवा दिन सकिने उनको विश्वास थियो । 'भाषाले परम्परा रीतिरिवाज भेषभूषा आनीबानीको बारेमा बुझ्न र बुझाउन सकिन्छ, जब पर्यटकले आफ्नो मौलिक भाषा अर्को नागरिकबाट सुन्छन्, उनीहरुमा सकारात्मक धारणाको विकास हुन्छ ।' उनले पर्यटनमा यस्तो कुराले निकै अर्थ राख्ने भएकाले पर्यटकलाई खुशी र सन्तुष्ट बनाउनु पर्ने बताए।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोभिड-१९ को कठिन अवस्थाबाट पनि पर्यटन व्यवसायी निरास नभई व्यवसाय पुनःसञ्चालनमा अग्रसर भइरहेको जनाउँदै सरकारले पर्यटनमैत्री वातावरण तयार गरेर सकारात्मक भूमिका खेल्नुपर्ने बताए। उनले निजी क्षेत्र सरकारलाई सघाउन तत्पर रहेको बताउँदै सरकारले पनि व्यवसायीको समस्यालाई बुझेर अक्सिजन

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।


हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# कुँडहर-१३ निवासी गौरादेवी सिग्देलको निधन

पोखरापत्र संवाददाता
पोखरा, २३ फागुन

जीवनको शुरुवातसंगै एउटा ध्रुवसत्यता हो मृत्यु। जीवन छोटो वा लामो होला तर सवैको अन्त्य निश्चित छ। जीवनको जीउने क्रममा कस्को मृत्यु कसरी हुन्छ ? भनेर आज सम्म कसैले पनि भन्न सकेको छैन। मानव जीवन हावा फुकेको वेलुन जस्तो छ। वेलुनमा हावा रहिन्जेलसम्म राम्रो हुन्छ तर फुटेपछि अनन्त शुन्यमा बिलिन हुन्छ। मानीसको मृत्यु पश्चात केही न केही छाप छाडेर गएको पाइन्छ।

सिग्देल परिवार र हामी अफन्त विच गौरादेवी सिग्देलको सालीन व्यवहार र वोलीले हामी सवैको जीवनमा सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ। हजुरआमा जति भेट भयो सवै भेट मेरो जीवनमा स्मरणीय रहिरहन्छ। हजुरआमा भित्र कोठामा बस्दा पनि अंकल विश्व सिग्देलसँग बगैचामा कुराकानी गरेको स्वरलाइ बुहारी वाहिर शोभाकान्त आएका छन्



भन्ने वाक्य मेरा कानमा धेरै पटक ठोक्कीयो।

सात वर्ष पहिला काठमाडौ वसाइमा म पोखरा आउँदा हजुरआमा सँग मेरो भेट निरन्तरता हुन्थ्यो। हरेक भेटमा बाबु कति पास गर्‍यो, आउ खाजा खाऊ। वोली मात्र नभै नजिकै थालमा रहेका फलफूल हातमा राखिदिने हजुरआमाको बानीले मलाइ घरकै हजुरआमाको याद आउँथ्यो। हजुरआमा आफन्तसँग मात्र नभइ टोलमा पनि सवैसँग मिलेर बस्नु भएको थियो। धेरै दिन पछि घर आउँदा होस विदेश गएर फर्केका दाजुभाइ दिदीवहिनी हरेकले गैरा आमालाइ भेटेर आएको बाक्य पटक पटक सुन्न पाइयो। मिठो वचन र सहज व्यवहारले आज पनि हजुरआमाको शरीर हामी विच नभएपनि उहाँको व्यवहार मलाई मात्र होइन समग्र पोखरेलीले विर्सन सक्दैन। २०७७ फागुन २३ गते विहान १०० वर्षको उमेरमा पोखरा-१३, सिग्देलमार्ग स्थित आफ्नै निवासमा आइतवार गौरादेवी आमाको निधन भएको हो। स्व. सिग्देलको स्वास्थ्यमा केही दिनदेखि समस्या आएको थियो। उनै सिग्देलको आइतवार सयौं व्यक्तिहरुको उपस्थितिमा सेतीनदीको रामघाटमा दाहसंस्कार गरिएको छ।

दाहसंस्कारमा, समाजसेवी, दाजुभाई, आफन्त र शुभचिन्तकहरुको उपस्थिति रहेको थियो। स्व. गौरादेवीको छोरा विश्व सिग्देल राजनीतिक विश्लेषक हुन। स्वर्गीय सिग्देलका एक छोरा, दुई छोरी, तीन नाति, छ नातिनी र पनाती/पनातीनी छन्।

# सुपर जनरल इन्टर क्लव टी-ट्वान्टी क्रिकेटको सेमिफाइनल समिकरण पुरा

विनय पौडेल
पोखरा, २२ फागुन




के.एन. स्पोर्टस प्रालिको आयोजना तथा सुपर जनरल कम्पनीको मुख्य प्रायोजनमा पोखरा रंगशालामा जारी अन्तर क्लव टी-२० क्रिकेट लिगको सेमिफाइनल समिकरण पुरा भएको छ।

प्रतियोगिताको पहिलो सेमिफाइनलमा क्रिकेट एशोसिएसन अफ चितवन र पेलिगेण्ट्स क्रिकेट क्लव भिड्ने भएका छन्। दोश्रो सेमिफाइनलमा आयोजक सुपर जनरल पोखरा र जनकपुर क्रिकेट क्लव आमने सामने हुने पक्कापक्की भएको हो। समुह'बि'को अन्तिम खेलमा जनकपुरले मिक्समाण्डु क्लव काठमाण्डौलाई ५ विकेटले पराजित गरेपछि समुहमा ६ अंकका साथ शिर्षस्थान कायम गर्दै सेमिफाइनलमा स्थान बनाएका हो। जनकपुरले समुहका तीनवटै खेलमा शतप्रतिशत नतिजा निकाल्दा समुहमा दोश्रो स्थान कायम गर्दै सेमिफाइनल पुगेको पेलिगेण्ट्सले २ खेलमा जित हाँसिल गर्दै ४ अंक बनाउन सफल भयो।

लिगको अन्तिम खेलमा टस जितेर ब्याटिङ गरेको मिक्समाण्डुले पुरा २० ओभरमा ९ विकेट गुमाएर ९० रन मात्रै बनाउन सक्यो। मिक्समाण्डुको तर्फबाट शुव कंसाकारले २८, रिजन थापाले १७ तथा सचिन अधिकारीले १४ रन बनाए। जनपुरका बलरहरु शोभाकान्त पाण्डेले ३ तथा राहुलप्रताप सिंह र विशाल सुस्लिङ्ले २/२ विकेट लिए।

जितका लागि ९१ रनको लक्ष्य लिइ ब्याटिङमा उत्रिएको जनकपुरले १८.२ ओभरमा मात्रै ५ विकेट गुमाएर जित निकाल्यो। म्यान अफ द म्याच भएका जनकपुरका राहुल प्रताप सिंहले ३३ रन जोडे भने विक्रान्त यादवले २७ रनको पारी खेलेका थिए। पेलिगेण्ट्सको बलिङमा रुपेश श्रीवास्तव र शुव कंसाकारले २/२ विकेट लिए। पहिलो सेमिफाइनल खेल सोमबार विहान र दोश्रो सेमिफाइनल खेल सोमबार दिउँसो हुने प्रतियोगिताका निर्देशक विधान श्रेष्ठले जानकारी दिए।

## गुप्तेश्वर...

नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति डोलराज पाण्डे, पोखरा महानगर शिक्षा महाशाखा प्रमुख विष्णु आचार्य, गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष डा. टंकराज अधिकारी, स्वतन्त्र पत्रकार संघ नेपालका संस्थापक अध्यक्ष कृष्णप्रसाद वास्तोला, छोरेपाटन माविका विव्यसका अध्यक्ष तथा रेडक्रस पोखरा १७ का सभापति भपिन्द्रराज रेग्मी, नेपाली काँग्रेस पोखरा १७ का सभापति देवराज आचार्य, गुप्तेश्वर महादेव वेद विज्ञान पाठशालाका प्राचार्य विजयराज आचार्य तथा व्यवस्थापन समिति सदस्य नम्रता वराल लगाएतले शुभकामना व्यक्त गरेका थिए। संस्थाको वार्षिक आर्थिक प्रतिवेदन कोषाध्यक्ष ऋषिराम वरालले र संस्थाको प्रतिवेदन सहसचिव महदत्त भट्टराईले प्रस्तुत गरेका थिए।

सभाको गणपुरक संख्या नपुगेको कारण सभा वन्द सत्रमा प्रवेश नै नगरी उद्घाटन सत्रमा सिमित भएको थियो। समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष गोपाल वरालले र संचालन सहसचिव महदत्त भट्टराईले गरेका थिए।

# मुद्रण उद्योग संघ कास्कीमा किरण श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, २३ फागुन




मुद्रण उद्योग संघ कास्कीको ११ औं साधारणसभा तथा चौथो अधिवशेनबाट अध्यक्षमा रोजिना अफसेट प्रेसका सञ्चालक गिरबहादुर श्रेष्ठ (किरण) सर्वसम्मत अध्यक्ष पदमा चयन भएका छन्।

त्यसैगरी बरिष्ठ उपाध्यक्षमा कन्चन प्रिन्टर्सका चिन्तामणी बास्तोला, प्रथम उपाध्यक्षमा गोर्खाली अफसेट प्रेसका जिवन गोर्खाली, द्वितीय उपाध्यक्षमा दि मोर्डन अफसेट प्रेसका दिनेशचन्द्र बास्तोला, महासचिवमा फिस्टेल पब्लिकेशन प्रा.लि.का रामप्रसाद भुर्तेल, सचिवमा ग्राफिक सोलुशनका राजन कुमाल, कोषाध्यक्षमा ओजन अफसेट प्रेसका प्रकाशराज पौडेल र सह-कोषाध्यक्षमा एफोर जेड ग्राफिक डिजाइन एण्ड प्रिन्टिङ प्रेसका पदम श्रेष्ठ, सदस्यहरुमा अनन्त अफसेट प्रेसका अनन्त प्रधानाङ्ग, रञ्जित अफसेट प्रेसका कृष्ण रञ्जित, निशा अफसेट प्रेसका पुष्कर श्रेष्ठ, शुभकामना अफसेट प्रेसका नारायण अधिकारी, पश्चिमाञ्चल छापाखानाका गुरुदत्त पौडेल सर्वसम्मत निर्वाचित भएका छन्।

पोखरा-२२,कालावाङमा सम्पन्न भएको कार्यक्रमका प्रमुख अतिथि नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष पुष्कल गौतमले प्रिन्ट प्याक सफ्टवयर खोली उद्घाटन गरेका थिए। उनले मुद्रण व्यवसायीहरुका समस्या र समाधानका विकल्प राज्यका सरोकारवाला निकायलाई पोख्दा पोख्दै पनि राज्यले गुनासो नसुनेको अवस्थामा अब देशभरी मुद्रण व्यवसायीलाई एकवद्धता गराई संघर्षका कार्यक्रम गर्ने बताए। सरकारलाई किताब मात्र ज्ञान होइन, कम्प्युटर, इमेल इन्टरनेटलगायत पढ्नको लागि प्रयोग हुने सम्पूर्ण सामान ज्ञानका सामाग्री भएको जानकारी गराए। 'किताबलाई ज्ञानको क्षेत्र भनेर अन्तर्राष्ट्रिय बजारमा उत्पादन भएर नेपाल ल्याएका किताबलाई लाग्ने कर हटाइएको छ र तर अन्तराष्ट्रिय बजारबाट किताव छपाउनको ल्याइने कच्चा मेटरियलमा कर लगाइएको छ यसले गर्दा विचौलियालाई सरकारले पोस्ने काम गर्‍यो। करोडौं लगानी गर्ने व्यवसायीहरुलाई धरापमा पार्ने काम बन्द गरि मुद्रणमैत्री कानुन बनाउन समेत सरकारलाई आग्रह गर्दछु।' उनले भने।

मुदण उद्योग संघ कास्कीका अध्यक्ष पदमलाल श्रेष्ठले कास्कीका मुद्रण व्यवसायीहरुको हक हितको लागि अग्रसर भई ३ वर्षे कार्य जिम्मा पुरा गर्न सहयोग गर्ने व्यवसायी र संस्थाका सम्पूर्ण सदस्यलाई धन्यवाद व्यक्त गरेका थिए भने मुद्रण डायरी, मुद्रण व्यवसायको लागि हिसाव गर्न मिल्ने प्रिन्ट प्याक सफ्टवयरको विकास, अभिलेख राख्न मिल्ने क्याल्कुलेशन मेनुअल डायरी प्रकाशन लगायत धेरै कामहरु आफ्नो कार्यकालमा गरेको बताए। साधारणसभा कार्यक्रममा पदमलाल श्रेष्ठले अध्यक्षको प्रतिवेदन, जीवन गोर्खालीले महासचिवको प्रतिवेदन र बसन्त बास्तोलाले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रमका विशेष अतिथि तथा नेपाल मुद्रण उद्योग महासंघका बरिष्ठ उपाध्यक्ष खोमकान्त रेग्मी, अतिथिहरु नेपाल मुद्रण उद्योग महासंघका उपाध्यक्ष गोपाल ढकाल, उपाध्यक्ष सिताराम शाह, महासचिव युवराज श्रेष्ठ, मुद्रण संघ रुपन्देहीका पूर्व अध्यक्ष कृष्णप्रसाद पराजुली, मुद्रण संघ काठमाण्डौंका अध्यक्ष धननारायण श्रेष्ठ (घनश्याम), मुद्रण उद्योग संघ भक्तपुरका सदस्य विशाल खतिवडा, नेपाल मुद्रण उद्योग महासंघ गण्डकी प्रदेशका अध्यक्ष महेन्द्र बजिमया र संस्थाका साधारण सदस्य मगन कम्प्युटरका सञ्चालक मगन श्रेष्ठ, श्रीनगर स्टोर्सका सञ्चालक राजु वैद्य, संस्थाका सल्लाहकार कृष्णप्रसाद ढुंगाना र कालावाङ होमस्टेका अध्यक्ष प्रकाश गुरुङले शुभकामना मन्तव्य राखेका थिए। संस्थाका महासचिव जिवन गोर्खालीले सञ्चालन गरेको प्रथम सत्रको कार्यक्रममा उपाध्यक्ष गिरबहादुर श्रेष्ठ किरणले स्वागत मन्तव्य राखेका थिए भने अध्यक्ष पदमलाल श्रेष्ठको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

नवनिर्वाचित कास्कीका अध्यक्ष गिरबहादुर श्रेष्ठ (किरण)ले कास्कीमा सञ्चालन रहेका मुद्रण व्यवसायीहरुको बृद्धि, विकास र आइपर्ने समस्या समाधानको लागि जुनसुकै समयमा पनि लागि पर्ने जानकारी गराए।

## चिनियाँ...

प्रदान गर्नुपर्ने धारणा राखे। सो अवसरमा उनले प्रदेश सरकारको व्यवसाय जीवन रक्षा कोष र नेपाल सरकारले ल्याएको मौद्रिक नीति कार्यान्वयनको देखिएका जटिलताका र ढिलासुस्तीको बारेमा मन्त्री गुरुङको ध्यानाकर्षण गराएका थिए। तालीमका संयोजक खिमबहादुर नेपाली (क्रिस) ले कोभिड-१९ पछाडि धेरै चिनियाँ पर्यटक नेपाल आउन उत्साहित रहेको जनाउँदै आगामी दिनमा पर्यटकलाई भाषाका कारणा समस्या भोग्नु नपरोस् भनेर तालीम सञ्चालन गरेको जानकारी दिए। उनले एक महिने तालीमबाट पर्यटन क्षेत्रका आधारभूत कुरालाई मध्यनजर गरेर भाषा सिकेको जनाउँदै अब आधार भूत कुरामा साङ्केतिक संवाद गर्नु नपर्ने बताए।

नाट्टाका कार्यवाहक अध्यक्ष हरिराम अधिकारीले पर्यटन पुनरुत्थानको विभिन्न गतिविधिसँगै संस्थाले चिनियाँ पर्यटकलाई लक्षित गरेर भाषा तालीम सञ्चालन गरेको जानकारी दिए। उनले भने, 'पर्यटन क्षेत्रमा सबैभन्दा पहिला भाषाको ज्ञान अनिवार्य जस्तो हुँदो रहेछ। अरु पर्यटकभन्दा चिनियाँ पर्यटकलाई भाषाकै कारण सेवा दिन धेरै कठिन भइरहेको गुनासो आएपछि भाषा तालीम दिएका हौं।' उनले भाषा तालीमले अब आउने दिनमा केही सहज हुने विश्वास व्यक्त गरे।

तालीममा सहभागी विकास निरौलाले भाषा निकै कठिन भए पनि एक महिनाको तालीमले आधारभूत ज्ञान हासिल गर्न सफल भएको अनुभव सुनाए।

प्रशिक्षक चिनियाँ नागरिक लिन्दाले एक महिनाको तालीमले पूर्ण ज्ञान हासिल गर्न नसकिने भएकाले भाषाको बारेमा निरन्तर अभ्यास गरेर अघि बढ्न सहभागीलाई आग्रह गरे। नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा सञ्चालित तालीममा संस्थाका ३६ जना सदस्यको सक्रिय सहभागिता रहेको र तालीमपश्चात् सम्पूर्ण प्रमाणपत्र वितरण गरिएको नाट्टाका महासचिव कमला गिरीले जानकारी दिए।

## अन्तर्राष्ट्रिय नारा

"women in leadership: Achieving an equal future in a COVID-19 word"

## राष्ट्रिय नारा

"महिलाको सुरक्षा समृद्ध नेपालको आधारः सम्मान र रोजगार"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# महिला दिवसको शुभकामना

“महिलाको सुरक्षा, सम्मान र रोजगार : समृद्ध नेपालको आधार“भन्ने नाराका साथ १११औं अन्तर्राष्ट्रिय महिला दिवस  नेपालका महिलाले एकैसाथ मनाउँदै छन् । श्रमिक महिलाहरुले समान कामको समान ज्यालाको माग गर्दै आन्दोलन सुरु भएको हो । समान ज्याला सहित, शिक्षा, स्वास्थ्य र राजनैतिक अधिकारको माग गर्दै ८ मार्च १९०७ मा प्रथम समाजवादी महिलाहरुको अन्तर्राष्ट्रिय सम्मेलन भएको दिनलाई महिलाहरुले विशेष पर्वको रुपमा मनाउँने गर्दछन् । ८ मार्चलाई विश्वभर प्रत्येक वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउने गरिएको छ । सो सम्मेलनको नेतृत्व समाजवादी महिला नेतृ क्लारा जेटकिनले गरेकी थिइन् । सन् १९११ मा अमेरिका १९१७ मा विघठित सोभियत संघ (रुस) र १९२८ मा अष्ट्रेलियामा विश्व महिला सम्मेलनहरु भए जसमा संसारभरका महिलाहरुले हक, अधिकार र लिंगभेद विरुद्ध आवाज उठाएका थिए। विश्वमा भएका महिला सम्मेलनबाट निस्किएको उपलब्धीका रुपमा संयुक्त राष्ट्रसंघले सन् १९७५ मार्च ८ लाई अन्तर्राष्ट्रिय महिला दिवस भनि घोषणा समेत गऱ्यो । नेपालले पनि त्यसै बर्षदेखि अन्तर्राष्ट्रिय नारी (महिला) वर्षको रुपमा ऱ्याली सभा गोष्ठी जस्ता औपचारिक कार्यक्रमहरु गर्दै आएको छ।

अधिकार प्राप्तिको आन्दोलनबाट सुरु भएको अन्तराष्ट्रिय श्रमिक महिला दिवस अहिले समानता र आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासका लागि आवाज उठाउने गरिन्छ । वर्गिय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लौगिंङ्गक एवं सबै प्रकारका शोषण, उत(पीडन र विभेदको अन्त्य  गर्न आवाज उठाउने दिन हो । आर्थिक समा(नता, समृद्धि र सामाजिक न्याय सुनिस्चत गर्न समानुपातिक, समावेशी र सहभागीतामुलव सिद्धान्तको आधारमा समतामुलव समाजको निर्माण गर्न संकल्प गर्ने दिन पनि हो । महिला दिवसमा हुने कार्यक्रमहरु महिलाका मात्र हुन् भन्ने सोचबाट पुरुषहरु मुक्त हुनुपर्ने दिन पनि हो । महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्धको अभिसन्धीमा नेपाल लगायत १८९ सनि(धका पक्ष राष्ट्र भएका छन् । नेपालले अनुमोदन गरेको २५ वर्ष भन्दा बढी भइसक्यो तर महिलामाथि हुने हिंसा भने कम भएको छैन । महिला हिंसा अन्त्य गर्न भएका कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा अहिलेपनि न्य(ायको लागी आवाज उठाउन बाध्य हुनु परेको छ।

संविधानले महिलाको अधिकारलाई सुनिश्चित गरेको छ। संविध(ानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ। प्रत्येक महिल(ालाई भेदभाव विना वंशीय हक हुने छ भन्ने महिला अधिकारका लागि लड्दै आएका दलहरुको कारणले सम्भव भएको हो । दलहरुले मौका पाउँदा महिलालाई प्राथमिकतामा नराखेका धेरै उदहरणहरु छन् । ‘सुरक्षित प्रजनन सम्बन्धी हक, शारिरीक, मानिसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा जन्य कार्य वा शोषण गरिने छैन ।’ महिलाका लागि समानताको बाटोमा हिड्न प्ररेति गर्ने काम संविधानले गरेको छ । ‘शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षामा सकारातमक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने हक र सम्पति तथा पारिवारिक मामि(लामा दम्पतिको समान हक’ भन्ने व्यवस्थाले महिलाको पक्षमा संविधानले दिएको अधिकार अब कानुनी रुपमा र व्यवाहारिक रुपमा ल्याउनु पर्दछ।

राष्ट्रियसभा, प्रतिनिधीसभा सहितको संघीय संसदमा एक तिहाई महिला पुगेका छन् । प्रदेशसभामा पनि एक तिहाई महिलाको प्रतिनिधित्व छ । स्थानीय तहमा ४० प्रतिशत महिलाको सहभागिता छ । आधारभूत तहदेखि संघीय संसदमा महिलाको एक तिहाई प्रतिनिधित्व हुनु अन्य देशका लागि पनि उदाहरण हो । दलहरुले कार्यकारी पदमा महिलालाई पुऱ्याउन अनिच्छा देखाउने, पार्टीका सवै तहमा महिलाको प्रतिनिधित्व हुन नसक्नुले भनाई र गराईमा तालमेल मिल्न सकेको छैन् । संविधानले महिला अधिकार र विभेद अन्त्यको व्यवस्था गरे पनि व्यवहारमा महिला विरुद्ध हुने विभिन्न खाले हिंसाका घटनामा कमी आउन सकेको छैन । महिला बिरुद्धका हिंसाका घटनामा राज्यले संवेदनशील बन्न नसकेका घटना सार्वजनिक भएका छन् । संविधानमा भएका व्यवस्था कार्यान्वयनको लागी सबै क्षेत्रबाट सशक्त आवाज उठाउनु आवश्यक छ। कोरोना भाइरस (कोभिड-१९) ले सबैलाई अतंकित बनाएको छ। कोरोनाले गर्दा  महिला माथि हुने हिंसा र विभेदका  निर्णय लाद्ने काम भएका छन। छैन् ।सुखी नेपाली र समृद्ध नेपालको संकल्प पुरा गर्न महिला माथिको विभेद अन्त्य हुनुपर्छ ।  अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विश्वभरीका महिलाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# पहिलो ‘जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार’ श्रीराम सिग्देललाई

पोखरापत्र संवाददाता
पोखरा, २३ फागुन

प्रथम ‘जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार’बाट पत्रकार श्रीराम सिग्देल पुरस्कृत हुने भएका छन् । चलचित्र पत्रकार संघ नेपाल, कास्कीले गण्डकी प्रदेशमा कार्यरत चलचित्र पत्रकारहरुमध्येबाट बर्षेनी एकजनालाई प्रदान गर्ने गरि यो पुरस्कार स्थापना गरेको हो ।

लामो समय चलचित्र पत्रकारितामा बिताएका सिग्देललाई पहिलो पुरस्कार प्रदान गर्ने निर्णय भएको संघले जनाएको छ । सिग्देल चलचित्र पत्रकार संघ कास्कीको संस्थापक अध्यक्ष समेत हुन् । आगामी फागुन २९ गते संघको साधारणसभाको अवसरमा सिग्देललाई पुरस्कार प्रदान गरिने संस्थाले जनाएको छ। संघका अनुसार यो पुरस्कारको राशी २५ हजार रुपैयाँ रहेको छ।

‘हामीले यो पुरस्कारलाई ऐतिहासिक मानेका छौँ। पहिलोपटक हामीले हाम्रै संस्थाका संस्थापक अध्यक्षलाई पुरस्कृत गर्न पाउँदा हामीलाई अझै बढि खुशी लागेको छ ।’ चलचित्र पत्रकार संघ नेपाल, कास्कीका अध्यक्ष अरुण गिरीले भने- ‘र, यो पुरस्कार स्थापना गर्न हामीलाई सहयोग गर्ने पोखराको पुरानो फिल्म व्यवसायी घराना जितप्रसाद द्वाको परिवारलाई पनि विशेष धन्यबाद दिन चाहन्छौँ ।’ गिरीले यो पुरस्कार पुराना चलचित्रकर्मी जितप्रसाद द्वाले नेपाली चलचित्र क्षेत्रमा पुऱ्याएको योगदानलाई चिरकालसम्म सम्झिरहन र यही क्षेत्रमा कलम चलाईरहेका पत्रकारहरुलाई थप




हौसला प्रदान गर्न स्थापना भएको बताए।

संघले पहिलो पटक प्रदान गर्न लागेको चलचित्र पत्रकारिता पुरस्कारको प्रतिभा छनौटका लागि नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवालीको सँयोजकत्वमा संघकै निवर्तमान अध्यक्ष रेम बिक र पोखरा फिल्म सोसाइटीका अध्यक्ष जितेश प्रधान सदस्य रहेको समिति गठन गरेको थियो । सोही छनौट समितिले सिफारिश गरेअनुसार सिग्देललाई पुरस्कार प्रदान गर्ने गरि संघको फागुन १८ गते बसेको कार्यसमिति बैठकले निर्णय गरेको थियो। २०५४ सालबाट आदर्श समाज दैनिकबाट पत्रकारिता शुरु गरेका सिग्देल हालसम्म पनि चलचित्र पत्रकारितामा क्रियाशिल छन् । सिग्देलकै नेतृत्वमा २०६० असार २२ गते चलचित्र पत्रकार संघ कास्कीको स्थापना भएको थियो । हाल उनी फेवा पोस्ट साप्ताहिकको सह-सम्पादक हुन् । पुरस्कारदाता द्वा परिवारले चलचित्रको उत्थानका लागि निरन्तर कलम चलाउने पत्रकारहरुलाई पुरस्कृत गर्न आफ्नो परिवारको नाममा पुरस्कार स्थापना गर्न पाउँदा निकै खुशी लागेको बताएको छ । ‘हामी तेस्रो पुस्तासम्म यही चलचित्र व्यवसायमै छौँ। र, चलचित्रकर्मीलाई पत्रकारिताको माध्यमबाट सदैव सहयोग गर्ने पत्रकारहरुलाई हौसला प्रदान गर्ने गरि पुरस्कार प्रदान गर्ने चलचित्र पत्रकार संघको अभियानसँग जोडिन पाउँदा हामीलाई खुशी लागेको छ।’ पुरस्कारदाता द्वा परिवारका सदस्य तथा मिडटाउन सिनेमाज्का संचालक उत्तम द्वाले भने-‘चलचित्र पत्रकारहरुसँगको यो सहकार्य हाम्रो परिवारले सँधै गरिरहनेछ।’

पुरस्कारदाता जितप्रसाद द्वा पोखराका पुराना चलचित्रकर्मी हुन्। द्वाले २०३६ सालमा बुटवलमा कालिका चलचित्र मन्दिर संचालन गरि चलचित्र व्यवसायमा हात हालेका थिए । हाल उनको नाती पुस्ताले यो व्यवसायलाई विस्तार गरिरहेको छ । पोखराको पुरानो चलचित्र घर ‘बिन्दबासिनी हल’सँगै उनकै नेतृत्वमा वाराही ‘क’, ‘ख’, श्रीकृष्ण र मिडटाउन सिनेमाज् हाल संचालनमा छन्। त्यो बाहेक नेपालकै अग्रणी चलचित्र वितरण कम्पनी ‘एफडी’ पनि द्वा परिवारले नै संचालन गरेको कम्पनी हो।

# शिवालय बाल क्लबमा निश्चल




विनय पौडेल
पोखरा, २३ फागुन

शिवालय माध्यमिक विद्यालय, रुपा गाउँपालिका-२, थुम्कीमा क्रियाशील शिवालय बाल क्लब पुनर्गठन भएको छ।

निश्चल ओझाको अध्यक्षतामा पुर्न गठित कार्यसमितिको उपाध्यक्षमा करिना ओझा, सचिवमा धिरज सुनार, कोषाध्यक्षमा अलिका सुवेदी र सहसचिवमा प्रशान्त ओझा सर्वसम्मत चयन भएका छन् । समितिका सदस्यहरूमा सौरभ अधिकारी, दिलबन्धु ओझा, सागर आले, आयाम ओझा, राजेश सुर्खाली, ममता गुरुङ र सोनिया सुवेदी रहेका छन् । क्लबको शिक्षक संयोजकमा रस्मिला खनाल र संरक्षकमा प्रधानाध्यापक रुपिन्द्र प्रभावी जोशी रहेका छन् । त्यसै गरी निवर्तमान अध्यक्ष पुरुषोत्तम ओझा र निवर्तमान कोषाध्यक्ष आकृति तामाङलाई सल्लाहकार चयन गरिएको छ।

क्लबले पाक्षिक रूपमा शिवालय नामक भित्ते पत्रिका प्रकाशन गर्नुका साथै समयानुकूल तालिम तथा सहकार्यकलापहरुको संयोजन गर्ने गरेको छ।

# पचहत्तर करोड सहयोग

पोखरापत्र संवाददाता
तनहुँ, २३ फागुन

जिल्लाको व्यास नगरपालिका क्षेत्रका तीनवटा मुख्य सडकको स्तरोन्नतिका लागि नेपाल शहरी तथा पूर्वाधार आयोजनाको समन्वयमा रु ७५ करोड तीन लाख सहयोग प्राप्त हुनेभएको छ।

नेपाल सरकार र विश्व बैंकबीच सम्झौता भएअनुसार सडक निर्माणका लागि उक्त रकम सहयोग प्राप्त हुने भएको व्यास नगरपालिका कार्यालयले जनाएको छ । सम्झौता पत्रमा आयोजनाका तर्फबाट आयोजना प्रमुख नवराज प्याकुरेल र व्यास नगरपालिकाको तर्फबाट नगरप्रमुख वैकुण्ठ न्यौपानेले हस्ताक्षर गर्नुभएको हो । सो सडकअन्तर्गत घाँसीकुवा, फराकचौर, माझ्फँफाट, कलेस्ती हुँदै व्यास मार्ग जोडिने पराशर मार्ग, पतेनीटार, चिन्तुटार, मादिवेशी, शेखटार हुँदै शिशाघाट जोडिने मार्ग र केशवटार, कुलुङ, छाब्दी, कर्लुङ हुँदै छिर्कने निस्कने मार्गको स्तरीकरण (कालोपत्रे) गर्ने कार्यक्रम रहेको नगरप्रमुख न्यौपानेले जानकारी दिनुभयो। योजनाअन्तर्गत लैङ्गिक समानतालगायत पूर्वाधार निर्माण र शासकीय सुधारका विषयमा पनि कार्यक्रम गरिनेछ। हाल वहाल रहेका जनप्रतिनिधि निर्वाचित हुने वित्तिकै नेपाल सरकार र विश्व बैंकबीच सम्झौता भएअनुसार काम अगाडि बढ्नुपर्नेमा कोभिडलगायत विविध कारणले नगरपालिकासँगको सम्झौता ढिलो हुन पुगेको हो।

देशभरका ३३ नगरपालिकासँग आयोजनाका तर्फबाट सम्झौता गरिएको छ। आयोजनाका तर्फबाट करिब १४ अर्ब बजेटमा यो कार्यक्रम सञ्चालन हुँदैछ । गण्डकी प्रदेशका पोखरा महानगरपालिकासहित व्यास, शुक्ला, बाग्लुङ र स्याङ्जाको पुतलीबजार नगरपालिकासँग सम्झौता गरिएको हो । योजना सम्पन्न गर्ने अवधि पाँच वर्षको हुनेछ। आयोजनाले व्यास नगरपालिकाको ग्रामीण र शहरी क्षेत्रलाई पर्यटनका माध्यमबाट विस्तार गर्ने कार्यलाई सहयोग पुऱ्याउने छ । मादी उपत्यकाको वारिपारि क्षेत्र तथा छाब्दी, कुलुङ पर्यटन क्षेत्रको विकास हुने पनि व्यास नगरपालिकाले लक्ष्य लिएको छ। शहरी क्षेत्रमा जनघनत्व बढ्दै गइरहेको र बसाइसराइ तीव्र भइरहेको अवस्थामा यो योजना सम्पन्न भएपछि गाउँ छाडेर शहर झर्ने क्रम रोकिने अपेक्षा गरिएको छ।

साथै आयोजनाको कार्यान्वयनको चरणमा बृहत् शहर विकास अभियानअन्तर्गत स्याङ्जा, पोखरा, शुक्लागण्डकी र व्यास क्षेत्रलाई शहरी क्षेत्रमा विकसित गर्न सम्बन्धित मन्त्रालय र विभागले प्राथमिकतामा राखेको बताइएको छ।

# शितला माविको ४७ औं वार्षिकोत्सवमा पुरस्कृत

विनय पौडेल
पोखरा, २३ फागुन

पत्रकार कमल पौडेल अथक मान-कृष्ण स्मृति पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका छन्।

स्याङ्जाको पुतलीवजार नगरपालिका ५, पवैगौंडेमा अवस्थित शितला माविको ४७ औं वार्षिकोत्सवको अवसरमा शनिवार उनी सो पुरस्कारबाट पुरस्कृत भएका हुन् । विद्यालयमा स्थापित मान वहादुर कृष्ण कुमारी स्मृति ट्रृष्टद्धारा स्थापित र विद्यालयद्धारा सञ्चालित सो पुरस्कारको राशी नगद १० हजार र सम्मानपत्र रहेको छ । पुतलीवजार नगरपालिकाका उपप्रमुख महेश पुरी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष



योगेन्द्रवहादुर कार्कीले माला, खादा, नगद र सम्मानपत्रले पुरस्कृत गरेका हुन्। विगत दुइ दशकदेखि पोखरामा पत्रकारिता गर्दै आएका पत्रकार अथकलाई यो वर्ष सो पुरस्कार प्रदान गरिएको पुरस्कार छनौट समितिका संयोजक शैलेन्द्र जंगकार्कीले जानकारी दिएका छन् । पुरस्कृत पत्रकार कमलपौडेल अथक रेडियो सराङ्कोटका समाचारप्रमुख, समयदृष्टि अनलाइनका सम्पादक समेत हुन् । सो अवसरमा साहित्यतर्फको पुरस्कार डा यामवहादुर पौडेल क्षेत्रीलाई प्रदान गरिएको छ।

सो पुरस्कारको राशी पनि नगद रु १० हजार र सम्मानपत्र रहेको छ। कार्यक्रममा ट्रृष्टद्धारा संञ्चालित विभिन्न गरी ४१ हजार वरावरको पुरस्कार प्रदान गएिको थियो । सो अवसरमा विद्यालयका प्रधानाध्यापक भीमप्रसाद शर्मालाई ट्रृष्टले पाँच हजार राशी सहित सम्मान गरेको थियो।

त्यसैगरी कलाकार तारावहादुर गुरुङलाई पनि विद्यालयले सम्मान गरेको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रवहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा पुतलीवजार नगरपालिकाका उपप्रमुख महेश पुरी, पुरस्कार छनौट समितिका संयोजक शैलेन्द्रजंग कार्की, प्रधानाध्यापक एवं सदस्य सचिव भीमप्रसाद शर्मा र वडाध्यक्ष रामचन्द्र रेग्मी, शिक्षक कृष्णप्रसाद लामिछाने, अप्सरा गोदार, विद्यार्थीद्धय अनिषा थापा, सन्दीप कार्की लगायतले वोलेका थिए।

# निःशुल्क स्वास्थ्य परीक्षण

पोखरापत्र संवाददाता
तनहुँ, २३ फागुन

व्यास नगरपालिका-१ वडा कार्यालयको आयोजना तथा लोकप्रिय मेडिकल सेन्टरको सहयोगमा शनिबार ११६ जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ।

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका डा उषान्त आचार्यको नेतृत्वमा पाँच जनाको स्वास्थ्य टोलीको सहयोगमा वडावासीका लागि नाक, कान र घाँटीसम्बन्धी निःशुल्क स्वास्थ्य परीक्षण गरिएको हो। परीक्षण गरिएका ७३ महिला र ४३ पुरुषमध्ये २७ जना शल्यक्रिया गर्नुपर्ने प्रकृतिको बिरामी रहेको बताइएको छ। स्वास्थ्य परीक्षण गराएका ३८ ज्येष्ठ नागरिकमध्ये २० पुरुष र १८ महिला रहेको आधारभूत स्वास्थ्य केन्द्रका अनमी सञ्चिता मिश्रले जानकारी दिनुभयो।

**तपाईंको आज**

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : मानसिक तनाब |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मन चञ्चल | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

**बिक्रीमा**
१२ हजार लिटर क्षमताको, बलियो र राम्रो अवस्थामा रहेको ट्याङ्कर टङ्की बिक्रीमा ।
सम्पर्क: ०६१-५२५०१३, ९८५६०२०५०९

**विमा लेख हरायो**
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँ(दा २०७७/०९/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
नाम: कुशुम राजभण्डारी
विमा लेख नं. १३००८१४१६
नाम: निर्पेश श्रेष्ठ
विमा लेख नं. १३००८०८६६
नाम: कुन्जनी श्रेष्ठ
विमा लेख नं. १३००८०६१३
सम्पर्क :
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
पोखरा शाखा, फोन: ०६१-५३९१९१

**कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा**
रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तु: बिक्रीमा छ ।
सम्पर्क: ९८४७६६१७३५

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

**विज्ञान प्रयोगशाला सामग्री खरिदको सूचना ।**
प्रथम पटक प्रकाशित मिति: २०७७/११/२४
स्याङ्जा जिल्लापुतली बजार नगरपालिका वडा नं. १०, राङ्खोलामा रहेको श्री चक्र कमला आधारभूत विद्यालयलाई विज्ञान प्रयोगशाला सम्बन्धी सामग्री खरिद गर्न आवश्यक परेकोले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो दर, रेट सहित विद्यालयमा सम्पर्क राख्नुहुन् सम्बन्धित सरोकारवाला निकाय (सप्लायर्स) का लागि सूचना जारी गरिएको छ । सूचना सम्बन्धी थप जानकारी आवश्यक परेमा विद्यालयमा सम्पर्क राख्नुहोला ।
**श्री चक्र कमला आधारभूत विद्यालय**
पुतलीबजार नगरपालिका-१०, स्याङ्जा
सम्पर्क नं. ९८४६०८४८५४

# कन्यामा सहकार्यात्मक शिक्षणबिधि सम्बन्धी गोष्टी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

पोखराको नदीपुरमा रहेको कन्या क्याम्पसले दुइ दिने सहकार्यात्मक शिक्षण बिधि सम्बन्धी गोष्टी गरेको छ ।

आइतबारदेखि सुरु भएकोउक्त तालिममा स्मार्ट हबका निर्देशक अजय रेग्मीले सहजीकरण गरेका छन् । उनलेइ-लर्निङ्गको महत्व, असल शिक्षकमा हुनुपर्ने गुणहरु, शिक्षकको भूमिका , विधार्थीको कार्य विवरण र विशेषता बिषयमा सहजीकरण गरे । उनले शिक्षणका पद्धति, कक्षाकोआन्तरिक वातावरण तथा विद्यार्थीकोक्षमता विश्लेषण बारे जानकारी गराएका थिए। शिक्षणको क्रममा आवश्यक पर्ने जिकसअ बिधि, थिंक शेरपियर पद्धती, माईड म्याप बिधि लगायतका बिषयमा प्रयोगात्मक शैलीमा उनले कार्यशाला संचालन गरेका थिए।

त्यसैगरी कन्या क्याम्पस संचालक समितिका अध्यक्ष योगेन्द्र प्रधानले यस्ता कार्यशालाले प्राध्यापकहरुको शिक्षण क्षमता अभिवृद्धि गर्दै विद्यार्थीहरुको मनोभावना बुझ्न सहयोगी भूमिका खेल्नेमा जोड दिए।

क्याम्पसका प्रमुख सुरेस कुमार मानन्धरले क्याम्पसका प्राध्यापकहरुको शिक्षणशैली समय अनुसार परिस्कृत बनाउन उक्त कार्यशालाको आयोजना गरिएको बताए। शिक्षणशैलीको विकाससंगै सूचना र प्रबिधिको ज्ञान अपरिहार्य रहेको उनकोभनाइ छ। उक्त तालिममा क्याम्पसका २० जना प्राध्यापकहरुको सहभागिता रहेको थियो।

# टपरी गाँसेर आम्दानी गर्दै महिला

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

व्यास नगरपालिका-१ गल्वुबेंशी निवासी सीता अधिकारी आजभोलि दिउँसोको समयमा टपरी गाँस्न व्यस्त हुनुहुन्छ।

बिहानको घरधन्दा सकेपछि दिउँसोको समय मोबाइल चलाएर र टेलिभिजन हेरेर बित्ने गरेकामा उहाँलाई आजभोलि दिउँसोमा कमै मात्र फुर्सद हुन्छ। फुर्सदको समय सदुपयोग गर्दै अधिकारीले टपरी गाँस्न थाल्नुभएको छ। जङ्गल गएर सालको पात टिपेर ल्याउने र टपरी गाँस्ने उहाँको आजभोलि दैनिकी बनेको छ। "पहिला पहिला यत्तिकै दिन बित्ने गरेको थियो, अहिले टपरी गाँस्ने कामले दिउँसो फुर्सद हुँदैन", उहाँले भन्नुभयो, "समयको सदुपयोगसँगै आम्दानीको माध्यम बनेको छ।" नव आदर्श आमा समूहका १४५ जना महिलाले टपरी गाँस्न थालेको अध्यक्ष सावित्रा हड्खलेले जानकारी दिनुभयो। यहाँका महिलाले गाँसेको टपरी व्यास-२ कालिका मार्गमा रहेको 'माँ अम्बे' पूजा सामग्री उद्योगले खरीद गर्ने गरेको छ।

उक्त उद्योग एक साता अगाडिबाट सञ्चालनमा आएको छ। "घरमै बसेर आम्दानी गर्ने स्रोत बनेको छ", उहाँले भन्नुभयो, "महिलालाई उद्यमी बन्न सहयोग पुग्नुका साथै समयको पनि सदुपयोग भएको छ।"

नेपाल घरेलु तथा साना उद्योग महासङ्घ महिला उद्यमी सभापति कल्पना गौलीले उक्त उद्योग सञ्चालनमा ल्याउनुभएको छ। महिलाले गाँसेको टपरी आफूले खरीद गरेर बजारमा बिक्री गर्ने गौलीले जानकारी दिनुभयो। उहाँका अनुसार आमा समूहले दैनिक एक हजार दुना टपरी उत्पादन गरेको छ। हाल बजारमा दुनाटपरीको राम्रो माग भए पनि स्थानीय सरकारका तर्फबाट भने यसमा सहयोग नभएको गौलीको गुनासो छ। "उद्योगमार्फत झण्डै पाँच सय महिलालाई रोजगारी दिने उद्देश्य रहेको छ, छिट्टै नै अगरबत्ती उद्योगसमेत सञ्चालन गर्ने लक्ष्य छ", उहाँले भन्नुभयो।

# खेलकूद प्रवर्द्धन गर्दै स्थानीय तह

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ फागुन**

कोरोना कहर अगाडि खेलकूदका गतिविधि भइरहने तनहुँमा कोरोना कहरका कारण एक वर्ष खेलकूद गतिविधि ठप्प भयो। जब कोरोनाको कहर सामान्य बन्न थाल्यो, पुनः तनहुँमा खेलकूदका गतिविधिले लय लिन थालेको छ।

खेलकूदका गतिविधिलाई यहाँका स्थानीय तहले प्रवर्द्धन गर्न थालेका छन् । माघ १६ गते शहीद दिवसका अवसरमा चौथो व्यास नगर अल्ट्राम्याराथन सम्पन्न गरेको व्यास नगरपालिकाले नारी दिवसका अवसरमा यही फागुन २४ गते महिला हाफ म्याराथन गर्दैछ । खेलकूदका गतिविधिमार्फत् पर्यटकीय स्थानको प्रवर्द्धन र प्रचारप्रसार गर्ने प्रयास गरिएको नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो।

अन्तरराष्ट्रिय नारी दिवसको अवसरमा वडा नं ३ व्यासगुफादेखि ऐतिहासिकस्थल वडा नं ११ तनहुँसुरसम्म म्याराथन हुनेछ । "धार्मिक रुपमा परिचित व्यासगुफा र ऐतिहासिकस्थलका रुपमा परिचित तनहुँसुरलाई खेलका माध्यमबाट जोड्ने उद्देश्यसहित म्याराथन गर्न लागेका हौं," नगरप्रमुख न्यौपानेले भन्नुभयो।

खुल्ला हाफ म्याराथनमा प्रथम हुनेलाई रु ४१ हजार ७७, द्वितीय हुनेलाई रु ३१ हजार ७७, तृतीय हुनेलाई रु २१ हजार ७७ र सान्त्वना हुने पाँच जनालाई रु ११ हजार ७७ प्रदान गरिनेछ। हाफ म्याराथन व्यास गुफादेखि सफासडक हुँदै ट्राफिक चोक, भोलेटार चोक, पृथ्वी राजमार्गको तालघरे, मुसेखोला, घाँसीकुवा, पराशर मार्गको सेरा, बेलटारी, खड्गकाली मार्गको चिसापानी, अर्चलचौर, धरमपानी, गङ्गलथोक, पत्यारथोक, चण्डीथान, गद्दीचौतारा हुँदै वडा नं ११ स्थित ऐतिहासिक तनहुँसुर दरबारमा पुगेर टुङ्गिनेछ। उक्त दूरी २१ किमिको रहनेछ । ऋषिङ गाउँपालिकाले केही दिन अगाडि मात्रै प्रथम ऋषिङ अध्यक्ष कप भलिबल प्रतियोगिता सम्पन्न गऱ्यो । प्रतियोगितामा तनहुँ र छिमेकी जिल्लाका १७ पालिकाको सहभागिता थियो। उक्त प्रतियोगितामा शुक्लागण्डकी नगरपालिकाले प्रथम स्थान हासिल गर्न सफल भयो।


## प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## शहरी विकास तथा भवन कार्यालय कास्की जिल्ला,
## गण्डकी प्रदेश

फोन नं. ०६१ -५३७७०७

## खरिद प्रक्रिया रद्ध गरिएको सूचना

**उपरोक्त विषयमा यस कार्यालयवाट मिति २०७७/१०/२७ गते समाधान राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं.** UDBO/KASKI/NCB/W/ebid/12/2077-78 Construction of Boundary Fence and Office Building at Proposed Laamhe Aahal Buspark **को लागि आव्हान गरिएको खरिद प्रक्रिया विशेष कारणले हाललाई रद्ध गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**कार्यालय प्रमुख**



## त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
## पोखरा क्याम्पस, पोखरा

## शिलबन्दी दरभाउ पत्र आब्हानको सूचना

**1 Lan Networking गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**यस क्याम्पसका छात्रावास र कक्षा कोठाहरुमा ईन्टरनेट पहुँचका लागि** Lan Networking र Fiber **सम्बन्धी काम गर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ११,२७,८२५।- मा नबढाई कामकाज गर्न ईच्छुक, कालो सूचीमा नपरेका र ईन्टरनेट** Networking **सम्बन्धी कामको अनुभवी ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।**

**2. Equipment सप्लाई गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**यस क्याम्पसका छात्रावास र कक्षा कोठाहरुमा ईन्टरनेट पहुँचका लागि भएको** Lan Lan Networking **मा आवश्यक** Equipment **सप्लाई गरी जडान गर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ८,९९,४८०।- मा नबढाई सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका र ईन्टरनेट** Networking **का समानहरु सप्लाई गर्न इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गते भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।**

**3. CCTV जडान सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**यस क्याम्पस परिसर भित्र विभिन्न एघार स्थानहरुमा** CCTV **जडान गुर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ३,५४,०००।- मा नबढाई** CCTV **सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका अनुभवी इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गते भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।**

**विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।**

**निमित्त क्याम्पस प्रमुख**



# Vacancy Announcement

Vacancy Notice No.: GPH-EVA-03-2077-78

INTERNATIONAL NEPAL FELLOWSHIP

International Nepal Fellowship (Nepal) is Non-Government Organization established in 1952 and serving poor and disadvantaged people of Nepal to enable life in its fullness through health and development service. INF Nepal is currently working in health and community development service in Gandaki, Lumbini, Karnali and Sudurpashim provinces of Nepal.

INF Nepal Green Pasture Hospital (GPH), Pokhara serving peoples with specialized treatment and rehabilitation services in leprosy, spinal cord injuries & other neglected trauma, ear care and palliative care is looking for qualified, skilled, service oriented and committed Nepali citizens who share our vision, missions and values.

**1. Position: Medical Officer Required Number: 1 Location: GPH , Pokhara**

**Purpose of the Job:**
The Medical Officer will work collaboratively and closely with GPH medical team to provide holistic medical care to all the patients of GPH.

**Required Qualifications, Skills and knowledge:**
- Bachelor in Medicine and Surgery (MBBS) registered with Nepal Medical Council (NMC), with intern experience in appropriate clinical and teaching context.
- Good Nepali and English language skill (written and spoken) and interpersonal skills.
- A positive and proactive approach to patient care with genuine interest in helping people.
- Ability to work in a team and passionately demonstrate INF Nepal's value in work setting.

**2. Position: Medical Lab Technologist Required Number: 1 Location: GPH , Pokhara**

**Purpose of the Job:**
The job holder is responsible to manage laboratory department to provide high quality laboratory services through accurate testing procedures, correct analysis and reliable reports which enable the medical team to manage patient's condition.

**Required Qualifications, Skills and knowledge:**
- Bachelors in Medical Laboratory Technology (BMLT) registered with Nepal Health Professional Council (NPHC) with minimum two years' experience preferably in multidisciplinary health care service.
- Able to use automated and technical equipment.
- Having good eye sight to differentiate between colors and fine structural differences of microscopic specimen.
- Ability to demonstrate sensitivity and confidentiality.
- Good Nepali & English language skill (written and spoken) and interpersonal skills.
- A positive and proactive approach to patient care with genuine interest in helping people.
- Ability to work in a team and passionately demonstrate INF Nepal's value in work setting.

**3. Position: Physiotherapist Required Number: 1 Location: GPH , Pokhara**

**Purpose of the Job:**
The job holder as a part of multidisciplinary team provides a holistic clinical and physiotherapy service enabling children and adults with life-limiting illness. Post holder is the key member of PC service and expected to contribute in the inpatient, outpatient, community and day therapy service and ongoing research services.

**Required Qualifications, Skills and knowledge:**
- Bachelors in Physiotherapy and registered with Nepal Health Professional Council (NPHC) with minimum one-year experience in appropriate clinical context.
- Good Nepali & English language skill (written and spoken), interpersonal and report writing skills.
- A positive and proactive approach to patient care with genuine interest in helping people.
- Ability to work in a team and passionately demonstrate INF Nepal's value in work setting.

**4. Position: Physiotherapy Assistant Required Number: 1 Location: GPH , Pokhara**

**Purpose of the Job:**
Physiotherapy Assistant as a part of multidisciplinary team provides a holistic clinical and physiotherapy service enabling children and adults with life-limiting illness. Post holder is the key member of PC service and expected to contribute in the inpatient, outpatient, community and day therapy service and ongoing research services.

**Required Qualifications, Skills and knowledge:**
- Diploma in Physiotherapy registered with Nepal Health Professional Council (NPHC) with minimum one-year experience in appropriate clinical context.
- Good Nepali & English language skill (written and spoken) and interpersonal skills.
- A positive and proactive approach to patient care with genuine interest in helping people.
- Ability to work in a team and passionately demonstrate INF Nepal's value in work setting.

**5. Position: Occupational Therapist Required Number: 1 Location: GPH , Pokhara**

**Purpose of the Job:**
The Occupational Therapist as a part of multidisciplinary team provides a holistic clinical and physiotherapy service enabling children and adults with life-limiting illness. Post holder is the key member of PC service and expected to contribute in the inpatient, outpatient, community and day therapy service and ongoing research services.

**Required Qualifications, Skills and knowledge:**
- Bachelors in Occupational Therapist and registered with Nepal Health Professional Council (NPHC) with one-year experience (desirable) in appropriate clinical context.
- Good Nepali & English language skill (written and spoken), interpersonal and report writing skills.
- A positive and proactive approach to patient care with genuine interest in helping people.
- Ability to work in a team and passionately demonstrate INF Nepal's value in work setting.

**6. Position: Admin Assistant-PC Required Number: 1 Location: GPH , Pokhara**

**Purpose of the Job:**
The Admin Assistant as a part of multidisciplinary PC team performs a wide variety of practical duties which support the team's provision of holistic clinical PC service. S/he will be involved in the setting up new building and provide administration support to the PC team enabling them to concentrate on their duties.

**Required Qualifications, Skills and knowledge:**
- SLC/SEE pass (preferably intermediate/10+2 in any discipline) with minimum six months' experience in administration duties.
- Good language skill (written and spoken), interpersonal and basic numeracy & computer skills.
- A positive and proactive approach to patient care with genuine interest in helping people.
- Ability to work in a team and passionately demonstrate INF Nepal's value in work setting.

All eligible and interested candidates who meet the above criteria can send their application stating the post applied for with detailed curriculum vitae on given email address by **17th March 2021**.

**INF Nepal, Pokhara**
**Email:** recruitment@nepal.inf.org

Only shortlisted candidates will be invited to participate in further assessment and selection process.
INF Nepal encourages applications from persons with disabilities disadvantaged and vulnerable groups.

*INF Nepal reserves the right to hold partial or whole applications process any time without giving any reason whatsoever. Any effort by the candidates to influence the selection process may result to disqualify.*